**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १४ नोभेम्बर २०२३

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जी आज दार्जीलिंगबाट फर्किनु भएको छ। पहाड़ बसाई अवधि उहाँले विभिन्न विकास परियोजनाहरूको घोषणा गर्नु भयो|

२. केन्द्र सरकारद्वारा संचालित योजनाहरूको नाम बद्ली गरेर राज्यमा सन्चालन भईरहेको भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला अध्यक्ष कल्याण देवानले आरोप लगाउनु भएको छ।

३. गोर्खाल्याण्ड क्षेत्रिय प्रशासनले पहाडको कुनै पनि चालकले दुर्घटनामा ज्यान गुमाएको खण्डमा एक लाख रुपियाँको सहयोग राशि प्रदान गर्ने घोषणा जीटिएका प्रमुख कार्यपाल अनित थापाले गर्नु भएको छ|

४. यो बर्षको बाल साहित्य अकदमी पुरस्कार साहित्य साधक बसन्त थापालाई प्रदान गरिएको छ|

**ममता ब्यानर्जी**

राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जी चार दिन दार्जीलिङ बसेर आज पहाड़बाट फर्किएकी छन्। आज दार्जीलिङबाट फर्किने क्रममा राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जी अपरान्ह ४ बजेतिर खरसाङ आईपुगेकी थिइन्। मुख्यमन्त्रीको कन्वे खरसाङको मोटर स्ट्याण्डमा आएर रोकिएको थियो। खरसाङमा मुख्यमन्त्री ममता ब्यानर्जीले जनसाधारणसित केही क्षण बातचीत गर्नु भयो। खरसाङबाट मुख्यमन्त्रीको कन्वे सिलगढीतर्फ लागेको थियो। राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जी गत सोमबार साँझतिर दार्जीलिङ आईपुग्नु भएको थियो भने उहाँले मंगलबार गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनसित र विभिन्न विकास बोर्डहरुका चेयरम्यानहरूसित बैठक गर्नु भएको थियो। भ्रमण अवधि मुख्यमन्त्रीले हिजो बुधबार दार्जिलिङको चौरास्ता परिसरमा आयोजित सरस मेलाको उद्घाटन गर्नुको साथै विभिन्न स्थानहरूका लागि विभिन्न विकास परियोजनाहरूको शिलान्यास र उदघाटन गर्नु भयो। उहाँले पहाड़लाई विभिन्न विकास परियोजनाहरू लगायत विभिन्न घोषणा गरेर फर्किनु भयो।

****** ० ******

**कालेबुङ-भाजपा**

केन्द्र सरकारद्वारा संचालित योजनाहरूको नाम बद्ली गरेर राज्यमा सन्चालन भईरहेको भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला अध्यक्ष कल्याण देवानले आरोप लगाउनु भएको छ। मुख्यमन्त्रीले पहाडको विभिन्न बोर्डहरुलाई पुनः सशक्त बनाउन भनि नयाँ पहल विषय दिएको बयानमाथि पनि देवानले खुलेर प्रतिक्रिया दिनु भएको छ। उहाँले यस विषय जि टि एमा ट्रान्सफर गरिएको विषय भएपनि राज्य सरकारले सोझो हस्तक्षेप गरिरहेछ भनी आरोप पनि लगाउनु भएको छ।

****** ० ******

**मुख्यमन्त्री ममता ब्यानर्जी**

राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीद्वारा दार्जिलिङको चौरास्ता परिसरमा बाल दिवसको अवसरमा नानीहरूलाई मिठाई र खेलौनाहरू वितरण गर्नु भयो। मुख्यमन्त्रीले दार्जिलिङको चौरास्तामा भेला भएका नानीहरूलाई विभिन्न प्रकारका मिठाईहरू साथै खेलौनाहरू वितरण गर्नुभयो। मुख्यमन्त्रीको उक्त कार्यक्रममा दार्जिलिङ जिल्ला अधिकारी डा प्रीति गोयल लगायत अन्यहरू उपस्थित रहेका थिए। राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जी दार्जिलिङमा नानीहरूसित बाल दिवस पालन गरेर पहाड़बाट फर्किनु भयो। उहाँ गत सोमबार साँझतिर दार्जीलिङ आईपुग्नु भएको थियो।

****** ० ******

**मिरिक एकाडमी**

मिरिक एकाडमीले उत्साहको साथ आफ्नो बार्षिक कार्यक्रम बाल दिवसको अवसर पारेर मिरिक सार्वजनिक भवनमा पालन गरेको छ। क्षेत्रका धेरैवाट स्कुलका प्रिन्सिपलहरुको उपस्थितिबिच सम्पन्न कार्यक्रममा हास्य कलाकार मनिष राई अनि बिद्यालयका

कर्मचारी टेकबहादुर गुरुङलाई सम्मान जनाइयो। बिद्यालयका प्रिन्सिपल ललित जिम्बाले कार्यक्रम सफल बनेको तथा बिद्यालयका सबै कर्मचारीप्रति आभार प्रकट गर्नुभयो।

****** ० ******

**इन्दिरा ओझा उच्चतर माध्यमिक विद्यालय**

इन्दिरा ओझा उच्चतर माध्यमिक विद्यालय मंगरजोङ चियाबारीले प्रधानाध्यापक विकास शर्माको विशेष उपस्थितिमा आज विद्यार्थी नानीहरूलाई लिएर एउटा कार्यक्रम बीच बाल दिवस पालन गरिएको छ। विद्यालय भवनमा आयोजना गरिएको यस कार्यक्रममा विद्यार्थीहरुलाई केक, मिठाइ आदि वितरण गर्दै प्रधानाध्यापक विकास शर्माले बाल दिवास र यसको महत्वमाथि प्रकाश पारेका थिए भने सह शिक्षक रिवाङ तामाङले चाचा नेहरु अनि उनको योगदानबारे जानकारी गराएको थियो।

****** ० ******

**जी टि ए द्वारा सहयोग**

गोर्खाल्याण्ड क्षेत्रिय प्रशासनले पहाडको कुनै पनि चालकले दुर्घटनामा ज्यान गुमाएको खण्डमा एक लाख रुपियाँको सहयोग राशि प्रदान गर्ने घोषणा जीटिएका प्रमुख कार्यपाल अनित थापाले गर्नु भएको छ| आज बिहान गत 25 अक्टोबर 2024 शुक्रवार राती भएको बीभत्स सडक दुर्घट्नामा आफ्नो ज्यान गुमाउनेहरुको परिवार सँग भेटघाट गर्न अनित थापा तीन माइल स्थित उनीहरूको घर सहयोग स्वरूप एक - एक लाख राशि परिवार पक्षलाई प्रदान गर्नु भयो। साथमा घाइतेहरुलाई उपचारको निम्ति केही सहयोग गर्नु भयो। यसै अवसरमा श्री थापाले कुनै पनि चालकको जीवन माथि जब दुर्घटना घट्दा परिवारको अवस्था नै डावाँडोल हुने भएकोले आगामी दिनहरुमा पहाडको कुनै पनि चालकले दुर्घटनामा आफ्नो ज्यान गुमाएको खण्डमा जीटीएले एक लाख रुपियाँको सहयोग राशि प्रदान गर्ने प्रस्ताव जीटीए सभामा नै पारित गराउने बताउनु भएको छ।

****** ० ******

**अनित थापा**

हिमालयन ट्रान्सपोर्ट कोर्डिनेसन कमिटिले आज जिटिए प्रमुख कार्यपाल अनित थापालाई अमर ज्योति ग्राम सेवा समिति, ३ माइलमा स्वागत गरेको छ। ३ माइल भ्रमणका क्रममा अनित थापाले हालै दिवंगत भएका एचटिसीसी कमिटीका दुई सदस्य सोम राई, अस्बिन तामाङ अनि विरामी देवाशिष छेत्रीलाई आर्थिक सहयोग हस्तान्तरण गर्नु भयो। अनुदानमा दुईजना मृतकका परिवारलाई १ लाख, एक बिरामीलाई ५० हजार र दोस्रो बिरामीलाई १० हजार रुपैयाँ दिइएको छ। जिटिए अध्यक्ष अनित थापालाई हिमालयन ट्रान्सपोर्ट कोर्डीनेसन कमिटी अनि अमर ज्योति ग्राम सेवा समिति ३ माइलका प्रतिनिधिहरूले यस कार्यको निम्ति जिटिए प्रमुख कार्यपाल अनित थापाप्रति कृतज्ञता प्रकट गरेको छ।

****** ० ******

**जिल्ला सहकारी संघ**

दार्जीलिङ जिल्ला सहकारी संघ, सहकारी विभाग, दार्जीलिङ जिल्ला केन्द्रीय बैंक अनि कालेबुङ महकुमा अस्पताल कर्मचारीको ऋन दान समिति लिमिटेडको संयुक्त आयोजनामा ७१औं अखिल भारतीय सहकारी सप्ताह पालन गर्दै रक्तदान शिविर सम्पन्न गरिएको छ। कार्यक्रममा सहकारी अधिकारी फुर्बा तामाङ्ग, शिशिर पौड्याल, कल्याण थापा लगायत अन्यको उपस्थिति रहेको थियो। कार्यक्रममा रक्तदानको महत्व बारे उपस्थित सबैलाई जानकारी गराइयो। अर्का◌ेतिर विभिन्न सहकारी समितिबाट स्वइच्छाले रक्तदान गरिएको थियो। युवाहरूले उत्साहपूर्वक रक्तदान गरे भने आयोजक समितिबाट प्रमाण पत्र अनि स्मृति चिन्ह प्रदान गरियो।

****** ० ******

**एन्टी रेबिज भ्याक्सिन**

खरसाङको डाउहिल रोडको दोकान डाँड़ामा अवस्थित माह्लेमा कुकुरहरुलाई एन्टी रेबिज भ्याक्सिन लगाईएको छ| गत १५ अक्टोबरको दिन गाउँका कुकुरमा "रेबिज" को संक्रमण भेटिएको थियो जसको फलस्वरूप, गत १८, २१, २४ अनि ३१ अक्टोबर उक्त क्षेत्रका बेवारिसे कुकुरहरूलाई "एन्टी रेबिज भ्याक्सिन"- को क्रमैले पहिलो, दोस्रो, तेस्रो र चौथो खोप लगाइएको थियो भने आज ती नै कुकुरहरूलाई पाँचौं तथा अन्तिम खोप पनि लगाइएको छ। आजको यस चौथो खोपको कार्यक्रममा खरसाङकी भेटेरिनरी अधिकृत डा° सुडेनला छिरिङ भुटियाले भ्याक्सिनहरू उपलब्ध गराएकी थिइन्।

****** ० ******

**हिमालयन रन एन्ड ट्रेक**

विश्व प्रसिद्ध अन्तर्राष्ट्रिय हिमालयन रन एन्ड ट्रेक प्रतियोगिता अन्तर्गत " हिमालयन एक सय माइलको अल्ट्रा रेसको ३३ औं संस्करणको आज समापन भएको छ ।दार्जीलिङ पहाडको सिहलिला राष्ट्रिय उधान क्षेत्रको संस्कृति , पर्यावरणको संरक्षण एवं प्रबर्द्धन गर्ने उदेश्य राखेर बिगत १९९२ साल देखि प्रत्येक बर्ष आयोजना हुँदै आएको रेसमा जर्मनी , फ्रान्स , ब्रिटेन, अमेरिका , कनाडा , अफ्रिका, भारतका धावकहरुले भाग लिएका थिए ।१६० किलोमिटर लामो यस रेसमा जर्मनी के क्रिस लेमके प्रथम ,फ्रांस के मैक्सिम गेब्रियो दोस्रो र दक्षिण अफ्रीकाका मरे फ्रेजर तेस्रो भए ।महिलाबर्गमा दक्षिण अफ्रीका की एलिस विलियम्स प्रथम, यूके की स्टेफनी बैनक्रॉफ्ट दोस्रो र एवरेस्ट चैलेंज मैराथन मा भारतका अमितोज सिंह प्रथम भए भने , भारतका वरुण चड्ढाले दोस्रो , यू.के.का एडमंड सटन तीसरे स्थान प्राप्त गरे। महिलाबर्गमा यू.एस.ए.कि कायेला फर्ग्यूसन एकमात्र विजेता बनिन्।रेस निर्देशक सिएस पाण्डेले तेर बिजेताहरुलाई आज मिरिकमा आयोजित एक समारोहमा सम्मानित गरिएको जानकारी दिनु भएको छ।

****** ० ******

**बाल साहित्य अकादमी पुरस्कार**

यो बर्षको बाल साहित्य अकदमी पुरस्कारत् साहित्य साधक बसन्त थापालाई प्रदान गरिएको छ| श्री थापालाई आज लखनउको गौमती नगरमा आयोजित एक भव्य कार्यक्रममा बाल साहित्य अकादमी पुरस्कार 2024 द्वारा पुरस्कृत गरिएको छ। यो पुरस्कार वसन्त थापालाई उहाँको 'देश र फुच्चे' बाल कविता सङ्ग्रहको निम्ति प्रदान गरिएको हो। नेपाली साहित्यका विभिन्न विधाहारुमा साहित्यकार वसन्त थापाले विगत 3 दशक भन्दा बढी समय देखी निरन्तर कलम चलाई रहेका छन्|

****** ० ******

**पुष्पा छेत्री हत्याकाण्ड**

पुष्पा छेत्री हत्याकाण्डको 6 दिन बितिसकेका छन्, तर उक्त हत्याकाण्डको रहस्य अझै पत्तो लाग्न सकेको छैन। हत्या गर्ने अपराधी अझसम्म खुल्ला रुपमा घुमिरहेको छ। पुष्पा छेत्री हत्याकाण्डको पर्दा उघार्नको लागि जलपाइगुडीबाट फोरेन्सिक एक्सपर्ट RFSL को टोली बुधबार सिलगढी आइपुगेको छ।
स्मरण रहोस, सिलगढी नगर निगमको 43 नम्बर वार्ड अन्तर्गत लोअर भानुनगरमा 25 वर्षीया पुष्पा छेत्रीको गला काटेर निर्दयतापूर्वक हत्या गरिएको थियो। उक्त हत्याकाण्डले सम्पूर्ण शहरमा सनसनी मच्चाएको थियो। घटनापछि भक्तिनगर थाना पुलिसले जाँच सुरु गरेको थियो, तर अपराधी अझसम्म चिन्हित हुन सकेको छैन।
यसैबीच, जाँचमा तीव्रता ल्याउनको लागि बुधबार साँझ जलपाइगढीबाट क्षेत्रीय फोरेन्सिक विज्ञान प्रयोगशाला अर्थात् RFSL को तीन सदस्यीय टोली घटनास्थलको जाँच गर्नको लागि सिलगडी आइपुगेको थियो। प्राप्त जानकारीअनुसार, RFSL को टोलीले घटनास्थलबाट रगतका नमूना, फिंगरप्रिन्टसहित विभिन्न प्रमाण सङ्कलन गरेको छ। फोरेन्सिक टोलीको सहयोगमा पुलिसले प्रत्येक कोणबाट घटनाको जाँच गरिरहेको छ।

****** ० ******